आज मिति २०७५ साल मंसिर १३ गते बिहान ८:०० बजे यस ह्याङ्लेख गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री जगतबहादुर भोलनज्यूको अध्यक्षतामा बैठक बसि निम्नानुसारका निर्णय गरियो।

उपस्थिति

| | | |
|---|---|---|
| श्री जगतबहादुर भोलन | – | अध्यक्ष |
| श्री दुर्गादेवी सुनुवार | – | उपाध्यक्ष |
| श्री रामकजी वाइवा | – | सदस्य |
| श्री एकबहादुर खड्का | – | " |
| श्री कृष्णबहादुर थिङ | – | " |
| श्री चक्रबहादुर पाख्रिन | – | " |
| श्री विष्णुकुमार कर्माचार्य | – | " |
| श्री सुन्दरीमाया वाइवा | – | " |
| श्री आनुका थापामगर | – | " |
| श्री यमकुमारी दमाई | – | " |
| श्री हिमालीमाया वि.क. | – | " |
| श्री गंगामाया वि.क. | – | " |
| श्री सुनमाया थिङ | – | " |
| श्री सन्तोष नेपाली | – | प्रमुख प्रशासकीय अधिकृत |

अन्य उपस्थिति :-

| | | |
|---|---|---|
| श्री भरतजंग थापा | – | ना.सु |
| श्री मेघलाल योञ्जन | – | सह-लेखापाल |
| श्री सुदिप थापा | – | कम्प्युटर अपरेटर |

निर्णयहरु :-

निर्णय नं. १ :-

ह्याङ्लेख गाउँपालिका वडा नं. ४ वडा कार्यालयको भवन निर्माण गर्नको लागि सानोमान मोक्तानले दिनुभएको निवेदन अनुसार साविक नेत्रकाली गा.वि.स. वडा नं. ८ को कित्ता नं. १२६ को २-११-०-० क्षेत्रफल भएको जग्गाबाट वडा नं. ४ वडा कार्यालयको नाममा ०-८-०-० क्षेत्रफल रजिष्ट्रेशन पास गरिदिने भएकोले उक्त जग्गा वडाको नाममा पास गर्नको लागि वडा नं. ४ का वडा सचिव श्री नरबहादुर बललाई कार्यालयको प्रतिनिधिको रुपमा पठाउने निर्णय गरियो।

निर्णय नं. २ :-

प्रदेश नं. ३ बाट यस ह्याङ्लेख गाउँपालिका वडा नं. १

अन्तर्गत सिम्लेखोला पक्की पुल निर्माण गर्न प्राप्त भएको सशर्त अनुदान एक करोड बजेटबाट घ्याङ्लेख गाउँपालिकामा तपशिल अनुसारको योजना संचालन गर्न आगामी गाउँसभाबाट अनुमोदन हुनेगरी प्रदेश सरकारबाट स्वीकृति प्राप्त गर्न सिफारिस साथ पठाउने निर्णय गरियो ।

तपशिल

१. सोलामन्ध्याङ्देखि रामपुर सडक स्तरोन्नती रु. एक करोड - घ्याङ्लेख - ३,४५५

निर्णय नं.३: -

घ्याङ्लेख गाउँपालिका भित्र संचालित भएका उद्योग, व्यवसाय, होटल, घट्ट, मिलनगायतका सम्पूर्ण उद्यमशिलता सम्बन्धी कारोबारहरुको तथ्याङ्क संकलन गरी गाउँपालिकामा सम्बन्धित वडाहरुले यथाशिघ्र उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.४: -

गाउँपालिकाको कार्यालयदेखि इलाका प्रहरी कार्यालय सम्म आउने सडक ग्राभेल गर्दा खर्च भएको रकम रु. ८५,०००।- कन्टेन्जेन्सी शीर्षक बाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ५: -

सडक बोर्ड नेपालबाट प्राप्त भएको रु. ५,००,०००।- बाट घ्याङ्लेख गाउँपालिका वडा नं. २ अन्तर्गतको हायुटार-हिर्दिङ सडक ग्राभेल र ड्रेन निर्माणको कार्य गर्ने निर्णय गरियो ।

निर्णय नं.६: -

राजस्व परामर्श समितिबाट सिफारिस भई आएको यस गाउँपालिका भित्रका खोलानालाबाट संकलन तथा निकासी हुने ढुङ्गा, गिटि, बालुवा IEE मापदण्ड अनुसार प्राप्त हुने परिमाण अनुसार रकममा ठेक्का लगाउने प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं.७: -

घ्याङ्लेख गाउँपालिका वडा नं.१ अन्तर्गत पर्ने सिमाना खोल्सीदेखि - सिम्लेखोला - सिम्लेखहार - हायुटार - सोलामन्ध्याङ - बेलबोट - रामपुर बजार खण्डसम्मको मुख्य बाटोको केन्द्रबिन्दुको दाँया-बाँया ६.५-६.५ मिटर (६.५-६.५) सडकको भाग छोडेर मात्र घर टहरा निर्माण गर्ने साथै अन्य मुख्य सडकहरु-चन्दनपुर-मैदे-डाप्ले-चौर, बेलबोट-बन्दीपुर-चौकीडाँडा-काकलिङसम्म, रामपुर बजार-मधुवनी-राममैदेसम्मको सडक निर्माण गर्दा ६.५-६.५ मिटर भित्र घर टहरा निर्माण नगर्न स्थानीय सूचना जारी गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ :-

यस गाउँपालिकाबाट संचालन हुने योजना तथा कार्यक्रमहरुको अनुगमन प्रयोजनार्थ तपसिल बमोजिमको गाउँपालिका स्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

१. श्री कुमादेवी सुनुवार – संयोजक
२. श्री यमकुमारी दमाई – सदस्य
३. श्री जेसुन्दरीमाया वाइवा – "
४. श्री सन्तोष नेपाली – "
५. श्री दिलिपकुमार साह – सदस्य-सचिव

निर्णय नं. ९ :-

च्याङलेख गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत ना.प्रा.स. श्री मिलन श्रेष्ठले राजीनामा दिनुभएको हुँदा कामकाज संचालन गर्न कठिनाई भएकोले उक्त पदमा पूर्ति गर्नका लागि यथाशीघ्र विज्ञापन गर्ने निर्णय गरियो ।

निर्णय नं. १० :-

च्याङलेख गाउँपालिका वडा नं. २ को भैंसी वस्तीपुर स्थानका सेवाग्राहीहरुको स्वास्थ्य सम्बन्धी सेवा लिने स्थान भुगोलको हिसाबले कठिन भएकोले उक्त स्थानमा सामुदायिक स्वास्थ्य ईकाई संचालन गर्न तपसिल अनुसारका कर्मचारीहरु करारमा भर्ना गर्नको लागि विज्ञापन गर्ने निर्णय गरियो ।

तपसिल

१. अ.न.मि. ——— १ (एक जना)
२. अ.हे.व. ——— १ (एक जना)
३. कार्यालय सहयोगी ——— १ (एक जना)

निर्णय नं. ११ :-

स्वास्थ्य चौकी वस्तीपुरमा कार्यरत अ.न.मि. अन्यत्र सरुवा भै जानुभएको हुँदा उक्त स्वास्थ्य चौकीमा संचालन भएको बर्थिङ सेन्टरमा सेवा प्रवाह गर्न कठिनाई भएको हुँदा अ.न.मि. पदको लागि करारमा भर्ना गर्न विज्ञापन गर्ने निर्णय गरियो ।

निर्णय नं. १२ :-

च्याङलेख गाउँपालिकामा कृषि सम्बन्धी कार्यक्रमहरु संचालन गर्नको लागि गाउँसभाबाट एकमुष्ट रुपमा स्वीकृत भएको बजेटमा व्यापक छलफल गरी तपसिलमा उल्लेखित योजना तथा कार्यक्रमहरुमा तपसिल बमोजिम रकम विनियोजन गरी कार्यान्वयन प्रक्रिया अगाडि

...निर्णय गरियो ।

## तपशिल

***जम्मा बजेट रकम रु :- २७,९०,०००/- (सत्ताईस लाख नब्बे हजार मात्र )***

| क्र.सं. | कार्यक्रमको नाम | ईकाई | वार्षिक लक्ष्य | जम्मा बजेट रु.हजारमा |
|---|---|---|---|---|
| **१** | **कृषि प्रसार तर्फ** | | | **१०००** |
| क) | सिल्पोलिन प्लास्टीक वितरण ७५ % अनुदानमा | थान | ४५ | १६८.७५ |
| ख) | स्थलगत कृषक तालिम | संख्या | १० | ५० |
| ग) | युवा लक्षित तरकारी खेती अनुदान कार्यक्रम | संख्या | ५ | २५० |
| घ) | अन्तर जिल्ला कृषक भ्रमण | पटक | १ | १६० |
| ङ | धान दिवस | संख्या | १ | ३० |
| च) | ७५% अनुदानमा स्प्रेयर वितरण | संख्या | २१ | ४७.२५ |
| छ) | अलैचि विरुवा वितरण ५०% अनुदानमा | संख्या | ६००० | ५९ |
| ज) | वर्षे फलफुल -आप, लिचि र सुन्तलाजात) विरुवा वितरण ५०% अनुदान | संख्या | २००० | १०० |
| झ) | तरकारी विउ कम्पोजिट प्याकेट वितरण | संख्या | २०० | ५० |
| ञ) | च्याउ विउ वितरण | संख्या | १०० | ५ |
| ट) | च्याउ खेती तालीम | संख्या | १ | ३० |
| ठ) | कार्यक्रम सामाग्री ढुवानी खर्च | रु. | | ५० |
| **२.** | **माटो व्यवस्थापन सेवा सुधार तर्फ** | | | **१५०** |
| क) | ५ वटै वडामा एक दिने घुम्ती माटो परिक्षण सेवा | संख्या | ५ | २५ |
| ख) | माटो जाँचगर्ने किट बक्स खरिद | थान | ४ | ४० |
| ग) | माटो जाँचको लागि रसायन खरिद | संख्या | | ५० |
| घ) | माटो नमुना लिने एक दिने तालिम | संख्या | ५ | २५ |
| ङ) | अनुगमन निरीक्षण खर्च | पटक | २ | १० |
| **३.** | **बाली उपचार शिविर संचालन तर्फ** | | | **५०** |
| क) | विषादी खरिद | लिटन | १४ | १४ |
| ख) | गाडि भाडा | पटक | १ | ५ |
| ग) | शिविर व्यवस्थापन खर्च | पटक | १ | १० |
| घ) | कर्मचारी भ्रमण भत्ता | पटक | ३ | २१ |
| **४.** | **सहकारी प्रवर्धन सहयोग तर्फ** | | | **४००** |
| क) | सहकारी सदस्यहरुलाई ३ दिने कृषि प्रविधि तालिम | संख्या | २ | १०० |
| ख) | २ वटा कृषि सहकारीलाई मिनि टिलर ७५% अनुदानमा सहयोग | संख्या | २ | १२० |
| ग) | व्यवसायिक तरकारी खेती सहयोग | संख्या | ४ | १७० |
| घ) | कार्यक्रम ढुवानी खर्च | | | १० |
| **५.** | **प्रधानमंत्री कृषि आधुनिकिकरण परियोजना पकेट विकास तर्फ** | | | **५००** |
| **क)** | **कालीका कोदो पकेट संचालक समिति नेत्रकाली पकेट विकासको लागि** | | | |
| अ) | स्थलगत तालिम | संख्या | २ | १० |
| आ) | कृषि सामाग्री (विउ, मल, विषादी र कृषि औजारमा) ५०% अनुदान सहयोग | संख्या | २५ | ९० |
| इ) | मिनि टिलर खरिद ७५% अनुदानमा सहयोग | संख्या | २ | १२० |
| **ख)** | **माहाभारत तरकारी पकेट संचालक समिति वस्तीपुर विकासको लागि** | | | |
| अ) | स्थलगत तालिम | संख्या | २ | १० |

सन्तोष नेपाली

| | | | | |
|---|---|---|---|---|
| आ) | कृषि सामाग्रि ( विउ, मल, विषादी र कृषि औजारमा) ५०% अनुदान सहयोग | संख्या | २५ | ९० |
| इ) | मिनि टिलर खरिद ७५% अनुदानमा सहयोग | संख्या | २ | १२० |
| ग) | कार्यक्रम सामाग्री ढुवानी खर्च | रु. | | ६० |
| ६. | **वालि विकास तर्फ** | | | **५००** |
| क) | अन्न वालि ( धान, मकै ) को विउ वितरण ७५ % अनुदान | के.जी. | ३००० | १८० |
| ख) | अदुवाको विउ वितरण ७५ % अनुदान | के.जी. | ५०० | ४० |
| ग) | मिनिटिलर वितरण ७५ % अनुदान | थान | ४ | २४० |
| | कार्यक्रम सामाग्री ढुवानी खर्च | | | ४० |
| ७. | **कार्यालय संचालन अनुगमन स्वर्च** | | | **१९०** |
| क) | कर्मचारी परिचालन अनुगमन खर्च | पटक | आवश्यकता अनुसार | ५० |
| ख) | कार्यालय सामाग्री - दराज, टेवल, कुर्सि, ल्यापटप ) खरीद | | | ९० |
| ग) | जन प्रतिनिधी बाट अनुगमन | | आवश्यकता अनुसार | ५० |

निर्णय नं. १३

न्यायिक समितिको सचिवालयको कामकाज व्यवस्थापन गर्नको लागि गाउँ सभाबाट विनियोजित सेवा परामर्श शीर्षकबाट तलब भत्ता भुक्तानी हुनेगरी राजपत्र अनंकित द्वितीय श्रेणी (खरिदार) सरहको शुरु स्केल पाउने गरी यस गाउँपालिकाको वडा नं. २ निवासी श्री पशुपति सुनुवार लाई अर्को व्यवस्था नभए सम्मको लागि सहायक कम्प्युटर अपरेटर पदमा २०७५ ~~मंसिर~~ पौष १ गतेबाट लागु हुनेगरी ~~नियुक्त~~ करारमा नियुक्ति गर्ने निर्णय गरियो ।

निर्णय नं. १४

ह्याङलेख गाउँपालिका अन्तर्गतका योजना तथा कार्यक्रमहरूलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि अनुगमन तथा मूल्यांकन प्रक्रियालाई नियमित, व्यवस्थित रुपमा संचालन गर्न तयार गरिएको "ह्याङलेख गाउँपालिकाको अनुगमन मूल्यांकन कार्यविधि, २०७४" सर्वसम्मत बाट पारित गर्ने निर्णय गरियो ।

[illegible signatures]

सन्तोष नेपाली
प्रमुख प्रशासकीय अधिकृत